
भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# समाचार पत्र – मार्च २०२५

## द्विपक्षीय आदानप्रदान



### नेपालका परराष्ट्रमन्त्रीसँग भारतका विदेशमन्त्रीको भेटवार्ता

विदेशमन्त्री डा. एस. जयशंकरले मिति २०८१ चैत्र ५ गते माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासँग भेटघाट गर्नुभयो । दुवै नेताहरूले विशेष गरी पारस्परिक सम्बन्ध र सहकार्यलाई सुदृढ पार्ने कुरामा केन्द्रित भई द्विपक्षीय सहयोगका विभिन्न पक्षहरूमा वार्ता गर्नुभयो ।

थप जानकारी




### नेपालका वन तथा वातावरण मन्त्रीसँग भारतका पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रीको भेटवार्ता

माननीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले मिति २०८१ फागुन २३ गते माननीय वन तथा वातावरण मन्त्री श्री ऐन बहादुर शाही ठकुरीसँग दिल्लीमा भेटघाट गर्नुभयो । दुवै नेताहरूले इन्टरनेशनल बिग क्याट अलायन्स, मिसन लाइफ र एक पेड माँ के नाम जस्ता पहलहरू हाम्रा दुवै देशहरूको लागि न्यूनीकरण र अनुकूलन प्रयासहरूमा कसरी महत्त्वपूर्ण छन् भन्ने बारेमा छलफल गर्नुभयो ।

थप जानकारी



### फोहोरमैला व्यवस्थापन लगायत पानी, सरसफाई, र स्वच्छता क्षेत्रमा सहयोग

भारतका माननीय जल शक्ति मन्त्री श्री सी आर पाटिल र नेपालका माननीय खानेपानी मन्त्री श्री प्रदीप यादवले मिति २०८१ फागुन १९ गते हस्ताक्षर गर्नुभएको एक नयाँ समझदारी पत्र मार्फत भारत र नेपालले फोहोरमैला व्यवस्थापन लगायत पानी, सरसफाई र स्वच्छता क्षेत्रमा सहयोग सुदृढ गरेका छन् ।

थप जानकारी

March 2025 © Embassy of India, Kathmandu




## भारतबाट अधिकारीहरु र एनसीसी क्याडेटहरूको नेपाल भ्रमण

भावी पुस्ताहरूबीचको नाता सम्बन्धलाई सुदृढ गर्दै लेफ्टिनेन्ट कमान्डर राहुल मिश्रा र मेजर के प्रितीको नेतृत्वमा भारतका विभिन्न राज्यबाट दुई जना अधिकारीहरु र सोह्र जना एनसीसी क्याडेटहरूले मिति २०८१ फागुन ९ देखि २० गते सम्म युवा आदानप्रदान कार्यक्रमको एक अंशको रूपमा नेपालको भ्रमण गरे ।

थप जानकारी




## सीमा व्यवस्थापन सम्बन्धी भारत-नेपाल संयुक्त कार्यदलको १३ औं बैठक

१३ औं बैठक मिति २०८१ चैत्र १४-१५ गते नेपालको पोखरामा सम्पन्न भयो । भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारत सरकारको गृह मन्त्रालयका सहसचिव (सीमा व्यवस्थापन) श्री मिहिर कुमारले गर्नुभएको थियो भने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नेपाल सरकारको गृह मन्त्रालयका सहसचिव (सुरक्षा तथा समन्वय) श्री रामचन्द्र तिवारीले गर्नुभएको थियो ।

थप जानकारी



## रक्सौल-वीरगञ्जको एकीकृत जाँच चौकी र सिर्सियाको आन्तरिक कन्टेनर डिपोमा अवस्थित पूर्वाधारको समीक्षा

रक्सौल-वीरगञ्जको एकीकृत जाँच चौकी र सिर्सियाको आन्तरिक कन्टेनर डिपोमा अवस्थित पूर्वाधार हेर्न तथा दैनिक रुपमा गरिने कार्यसञ्चालन हेर्न मिति २०८१ चैत्र १६ गते भारतीय भूमि पत्तन प्राधिकरणका अध्यक्ष श्री जयन्त सिंह र विदेश मन्त्रालयका अतिरिक्त सचिव (नर्थ) श्री मुनु महावरले त्यहाँको भ्रमण गर्नुभयो । वहाँहरूले भारत-नेपाल जोड्ने मैत्री पुलको पनि भ्रमण गर्नुभयो ।

थप जानकारी

# विकास साझेदारी




## दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिकास्थित राप्ती आँखा अस्पतालको अपरेशन थिएटर भवन निर्माणको शिलान्यास समारोह

दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिकास्थित राप्ती आँखा अस्पतालको अपरेशन थिएटर भवन निर्माणको शिलान्यास मिति २०८१ फागुन २० गते भारत र नेपालका प्रतिनिधिहरूले संयुक्त रूपमा गर्नुभएको थियो । यस उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसीडीपी) भारत सरकारको आर्थिक सहयोगमा नेरु.४.३३१ करोड परियोजना लागतमा निर्माण भइरहेको छ ।

थप जानकारी



## सुनसरी जिल्लाको इनरुवा नगरपालिकास्थित श्री त्रिभुवन माध्यमिक विद्यालयको विद्यालय भवन निर्माणको शिलान्यास समारोह

सुनसरी जिल्लाको इनरुवा नगरपालिकास्थित श्री त्रिभुवन माध्यमिक विद्यालयको विद्यालय भवन निर्माणको शिलान्यास मिति २०८१ फागुन २७ गते भारत र नेपालका प्रतिनिधिहरूले संयुक्त रूपमा गर्नुभएको थियो । यस उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोगमा नेरु.२.४८३ करोड परियोजना लागतमा निर्माण भइरहेको छ ।

थप जानकारी




## नेपालको मकवानपुर जिल्लास्थित श्री जनकल्याण माध्यमिक विद्यालयको विद्यालय भवनको उद्घाटन

मकवानपुर जिल्लास्थित श्री जनकल्याण माध्यमिक विद्यालयको विद्यालय भवनको उद्घाटन मिति २०८१ चैत्र ६ गते भारत र नेपालका प्रतिनिधिहरूले संयुक्त रूपमा गर्नुभएको थियो । यस उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोगमा नेरु.३ करोड परियोजना लागतमा निर्माण गरिएको हो ।

थप जानकारी



## दैलेख जिल्लाको दुल्लू नगरपालिकास्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुउद्देश्यीय भवन निर्माणको शिलान्यास समरोह

दैलेख जिल्लाको दुल्लू नगरपालिकास्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुउद्देश्यीय भवन निर्माणको शिलान्यास मिति २०८१ चैत्र ११ गते भारत र नेपालका प्रतिनिधिहरूले संयुक्त रूपमा गर्नुभएको थियो । यस उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोगमा नेरु.३.९ करोड परियोजना लागतमा निर्माण भइरहेको छ ।

थप जानकारी



## सप्तरी जिल्लाको सुरुङ्गा नगरपालिकास्थित श्री जनता माध्यमिक विद्यालयको विद्यालय भवन निर्माणको शिलान्यास समारोह

सप्तरी जिल्लाको सुरुङ्गा नगरपालिकास्थित श्री जनता माध्यमिक विद्यालयको विद्यालय भवन निर्माणको शिलान्यास मिति २०८१ चैत्र १३ गते भारत र नेपालका प्रतिनिधिहरूले संयुक्त रूपमा गर्नुभएको थियो । यस उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोगमा नेरु.२.७६ करोड परियोजना लागतमा निर्माण भइरहेको छ ।

थप जानकारी



## चितवन जिल्लाको रत्ननगरस्थित बछौली माध्यमिक विद्यालयको भवन निर्माणको शिलान्यास समारोह

चितवन जिल्लाको रत्ननगरस्थित बछौली माध्यमिक विद्यालयको भवन निर्माणको शिलान्यास मिति २०८१ चैत्र १७ गते भारत र नेपालका प्रतिनिधिहरूले संयुक्त रूपमा गर्नुभएको थियो यस उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोगमा निर्माण भइरहेको छ ।

थप जानकारी

**March 2025 © Embassy of India, Kathmandu**

## अर्थतन्त्र र वाणिज्य




### "नेपालमा भारतीय कम्पनीहरूका लागि व्यवसायिक वातावरण सर्वेक्षण" को अनावरण

काठमाडौंस्थित भारतीय दूतावासको सहयोगमा नेपाल भारत उद्योग वाणिज्य संघ (एनआइसीसीआइ) ले "नेपालमा भारतीय कम्पनीहरूका लागि व्यवसायिक वातावरण सर्वेक्षण" शीर्षकको प्रतिवेदन तयार पारेको छ । नियोग उपप्रमुख प्रसन्न श्रीवास्तवका साथै एनआइसीसीआइका पदाधिकारीहरू र अन्य विशिष्ट व्यक्तिहरूले मिति २०८१ फागुन २५ गते उक्त प्रकाशनको अनावरण गर्नुभयो ।

थप जानकारी

## सांस्कृतिक र जनता-जनताबीचको संलग्नता




### ६० औं भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) दिवसको उत्सव

काठमाडौंस्थित भारतीय दूतावासले मिति २०८१ चैत्र ८ गते ६० औं भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) दिवस मनाएको छ । आइटेक दिवस समारोहको उपलक्ष्यमा थुप्रै संसद सदस्यहरू, वरिष्ठ सरकारी अधिकारीहरू, आइटेकका पूर्वविद्यार्थीहरु र भारतीय शैक्षिक संस्थाका प्रख्यात नेपाली पूर्वविद्यार्थीहरु उपस्थित थिए । उक्त कार्यक्रममा नेपालका माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले प्रमुख अतिथिको रूपमा उपस्थिति जनाउनुभएको थियो ।

थप जानकारी



### २३ औं स्वर्ण जयन्ती छात्रवृत्ति दिवसको उत्सव

काठमाडौंस्थित भारतीय दुतावासले मिति २०८१ चैत्र ९ गते छात्रवृत्तिबाट समर्थित लगभग २०० विद्यार्थीहरुको सहभागितामा २३ औं स्वर्ण जयन्ती छात्रवृत्ति दिवस मनायो । उक्त उत्सवमा विभिन्न संस्थानका डीनहरू र प्रख्यात विद्यालयहरूका प्रधानाध्यापकहरूको पनि उपस्थित रहेको थियो ।

थप जानकारी




## अन्तर्राष्ट्रिय महिला दिवसको उत्सव

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा काठमाडौंस्थित भारतीय दूतावासले माइती नेपालसँगको साझेदारीमा मिति २०८१ फागुन २४ गते नारीहरुका लागि विशेष योग सत्र आयोजना गर्‍यो । माइती नेपालका बालबालिकाको उत्साहजनक सहभागिता रहेको यस कार्यक्रमले स्वस्थ बनाउन र समग्र कल्याणलाई प्रवर्द्धन गर्न दैनिक दिनचर्यामा समावेश गर्न सकिने सरल तर प्रभावकारी योग आसनहरू सिकाउने कुरामा केन्द्रित रहेको थियो ।

थप जानकारी



## भारतीय राजदूत आमन्त्रित गल्फ प्रतियोगिता २०२५

काठमाडौंस्थित भारतीय दूतावासले मिति २०८१ फागुन २४ गते गोकर्ण फरेस्ट रिसोर्टमा राजदूत आमन्त्रित गल्फ प्रतियोगिता २०२५ को आयोजना गर्‍यो । उक्त कार्यक्रममा परिचित गल्फरहरु र सरकारी अधिकारीहरू, कूटनीतिज्ञहरू र गल्फप्रेमीहरूको उपस्थिति रहेको थियो । नेपालका लागि भारतीय राजदूतले पुरस्कार विजेताहरूको र सबैको उत्साहजनक सहभागिताको प्रशंसा गर्नुभयो ।

थप जानकारी



## संखुवासभा जिल्लाबाट आएको १२ सदस्यीय प्रतिनिधिमण्डलसँगको अन्तरक्रिया

नेपालको संखुवासभा जिल्लाको खाँदबारी नगरपालिका र पाँचखपन नगरपालिकाका मेयरहरू तथा चिचिला गाउँपालिका र सिलीचोङ गाउँपालिकाका अध्यक्षहरूको नेतृत्वमा रहेको १२ सदस्यीय प्रतिनिधिमण्डल जो १० दिने लामो अध्ययन भ्रमण पूरा गरेर भारतबाट फर्किएका थिए उनीहरुको लागि काठमाडौंस्थित भारतीय दूतावासले मिति २०८१ फागुन २५ गते एक अन्तरक्रिया समारोहको आयोजना गर्‍यो ।

थप जानकारी



## नेपालभर मयूरभञ्ज छाऊ नृत्यको प्रस्तुति

भारतीय सांस्कृतिक सम्बन्ध परिषदद्वारा समर्थित श्री कुलेश्वर ठाकुरको नेतृत्वमा रहेको मयूरभञ्ज छाऊ नृत्य समूहले मिति २०८१ चैत्र ८-१४ सम्म काठमाडौं, जनकपुर र धनगढी लगायत नेपालका विभिन्न शहरहरूमा प्रस्तुति प्रस्तुत गर्‍यो । उक्त टोलीले काठमाडौं, जनकपुर र धनगढीमा रहेका उच्च प्रभाव सामुदायिक विकास परियोजनाका विद्यालयहरुका साथै काठमाडौंस्थित माइती नेपालमा समेत मयूरभञ्ज छाऊ नृत्य कार्यशालाहरू आयोजना गरेको थियो ।

थप जानकारी



## नेपाली पत्रकारहरू र युवाहरूको प्रतिनिधिमण्डलसँगको अन्तर्क्रिया

काठमाडौंस्थित भारतीय दूतावासले मिति २०८१ चैत्र १३ गते फेब्रुअरी २०२५ मा परिचयात्मक यात्रामा भारत भ्रमण गरेका १२ जना आर्थिक क्षेत्रका पत्रकारहरु, महाकुम्भको भ्रमण गरेका ६ जना नेपाली पत्रकारहरु, र अहमदाबादमा आयोजित बिमस्टेक युवा शिखर सम्मेलनमा सहभागी भएका ९ सदस्यीय युवा प्रतिनिधिमण्डलका लागि समारोहको आयोजना गर्‍यो । भ्रमणमा रहेका पत्रकारहरु र प्रतिनिधिमण्डलले सीप विकास, उद्यमशीलता, स्टार्टअप र संस्कृति लगायत विभिन्न विषयहरूमा सहभागी भई गरेका छलफलबाट आफ्ना अनुभव र अन्तर्दृष्टिहरू साझा गरे ।

थप जानकारी

# खेलकुद




## आईसीसी च्याम्पियन्स ट्रफी २०२५ मा भारतको जित

मिति २०८१ फागुन २५ गते दुबईमा भएको फाइनल खेलमा न्युजिल्याण्डलाई चार विकेटले हराउँदै भारतले आईसीसी च्याम्पियन्स ट्रफी २०२५ को उपाधि जितेको छ । प्रतियोगिताभर अपराजित रहेको भारतले सन् २००२ र २०१३ मा भएको जितपश्चात यसपटकको जितसँगै तीन पटक आईसीसी च्याम्पियन्स ट्रफी जित्ने पहिलो टोली बनेको छ ।

थप जानकारी

# अपरेशन ब्रह्मा









## संकटको समयमा पहिलो प्रतिक्रियाकर्ता

म्यानमारमा मिति २०८१ चैत्र १५ गते गएको विनाशकारी भूकम्पपछि खोज तथा उद्धार (एसएआर), मानवीय सहायता, विपद् राहत र चिकित्सा सहायता सहित आवश्यक सहयोग प्रदान गर्न भारतले अपरेशन ब्रह्मा सुरु गर्‍यो । छिमेकी मुलुकमा संकटको समयमा पहिलो प्रतिक्रियाकर्ताको रूपमा रहेको अपरेशन ब्रह्मा म्यानमारमा भएको व्यापक विनाशको प्रतिक्रिया दिन भारतको तर्फबाट भएको सम्पूर्ण सरकारी प्रयास हो । मिति २०८१ चैत्र १९ गते सम्ममा छ वटा विमान र पाँच वटा भारतीय नौसेना जहाजहरूले ६२५ मेट्रिक टन मानवीय सहायता र विपद् राहत (एचएडीआर) सामग्री पुर्‍याएका छन् । अपरेशन ब्रह्मा अन्तर्गत भारतको तर्फबाट जारी रहेको निरन्तर प्रयासहरूले आफ्नो छिमेकमा प्राकृतिक प्रकोपका समयमा द्रुत र पूर्ण रूपमा प्रतिक्रिया दिने प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ । पहिलो प्रतिक्रियाकर्ताको रूपमा भारत म्यानमारको साथमा उभिएको छ जुन हाम्रो छिमेकी पहिलो र पूर्वी कार्य नीतिको प्रमुख साझेदार हो ।

थप जानकारी

# भारतमा चाँडै आउँदैछ

## वर्ल्ड अडियो-भिजुअल इन्टरटेन्मेन्ट समिट (वेभ्स) - २०२५




भारतले मिति २०८२ बैशाख १८-२१ गते सम्म मुम्बईको जियो वर्ल्ड कन्भेन्सन सेन्टरमा वेभ्सको उद्घाटन संस्करण आयोजना गर्दैछ । यसले विश्वभरका मिडिया र मनोरञ्जन उद्योगका प्रमुख सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याउनेछ ।

थप जानकारी

## प्रधानमन्त्री योग पुरस्कार २०२५




योगको प्रवर्द्धन र विकासमा उत्कृष्ट योगदान पुर्‍याउने व्यक्ति/संस्थाहरूलाई प्रदान गरिने प्रधानमन्त्री योग पुरस्कार २०२५ को लागि आवेदनहरू आह्वान गरिएको छ । आवेदन बुझाउने अन्तिम मिति २०८२ बैशाख २ गते सम्म बढाइएको छ ।

थप जानकारी